प्रस्तवाहरु.

१। विगत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

२। भुकम्प पिडितहरुको लागि उपलब्ध गराईएको राहत रकमको अनुमोदन सम्बन्धमा ।

३। सांस्कृतिक जगेर्नाको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

४। नागरिक सहायता कक्ष संचालन सम्बन्धमा ।

५। सामुदायिक/छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।

६। विविध सम्बन्धमा ।

- विपद परेका निवेदनहरु अनुमोदन सम्बन्धमा ।
- फोहरमैला व्यवस्थापनको लागि प्रतिबद्दता सम्बन्धमा ।
- वडा नं. १ साई गाउँ र वडा नं. ३ को वडा कार्यालयको प्रशासनीक भवनको डी.पि.आर सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु

प्रस्ताव नं.१ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको विगतमा भएको कार्यपालिका बैठकको समिक्षा गरियो ।

प्रस्ताव नं.२ को बुँदा मा छलफल गर्दा २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु बनाई आएको भुकम्पका कारण जाजरकोट जिल्ला र रुकुम जिल्लामा ठुलो धनजनको क्षती भएकोले उक्त क्षतिमा केही राहत होस भनेर यस जानकी गाउँपालिकाबाट हाललाई जाजरकोट र रुकुम दुबै जिल्लाको लागि एक एक लाख गरी जम्मा रु.२,००,०००/- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराइएको राहत रकमलाई यस कार्यपालिका बैठकबाट अनुमोदन गरियो ।

प्रस्ताव नं.३ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत वडा नं. २ बेलभारको जोगागाउँ बाबाकुट्टी र वडा नं. ५ को गुरुवागाउँमा यहि मिति २०८० मंसिर ११ गते देखि १३ गते सम्म ३ दिन सम्म लाग्ने कार्तिक शुक्ल पूर्णिमा नहान मेलाको अवसरमा तपसिल बमोजिमको वडाहरुलाई आर्थिक सहयोग कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने भनी सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

- वडा नं. २ बेलभारको जोगागाउँ बाबाकुट्टीमा लाग्ने कार्तिक शुक्ल पूर्णिमा नहान मेलाको मेला संचालन तथा व्यवस्थापन समितिलाई रु.१,५०,०००/- दिने भनी सर्वसम्मत निर्णय गरियो ।
- वडा नं. ५ को गुरुवागाउँमा लाग्ने कार्तिक शुक्ल पूर्णिमा नहान मेलाको लागि मेला संचालन तथा व्यवस्थापन समिति श्री नागा बाबा मन्दिर संरक्षण समिति जानकी – ५ गुरुवागाउँ, बाँकेलाई रु.२,५०,०००/- दिने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.४ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका तथा पालिका अन्तर्गतका सबै वडामा सेवाग्राहीलाई छिटो छरितो सेवा दिनको लागि नागरिक सहायता कक्षको आवश्यकता रहेको हुँदा सो संचालनको लागि गत आ.व. देखि निरन्तर रुपमा कामकाज गर्दै आएकोलाई वडा कार्यालयको हाजिरी प्रमाणित तथा सिफारिसको आधारमा उक्त कार्यरत कर्मचारीहरुलाई यस आ.व.२०८०/८१ को मिति २०८० श्रावण महिना देखिको मासिक तलब रु.१५,०००/- का दरले जनही वडा र पालिकामा कार्यरत जम्मा ८ जनालाई गाउँपालिकामा विनियोजित भएको नागरिक सहायता(परामर्श सेवा) शिर्षकबाट उपलब्ध गराउने र नागरिक सहायता कक्ष संचालन तथा व्यवस्थापन कार्यविधि तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.५ को बुँदा मा छलफल गर्दा संघीय सरकारबाट हस्तान्तारित कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा संचालित सामुदायिक/छाडा चौपाया व्यवस्थापनका लागि बजेट बिनियोजन भएकोले उक्त कार्यक्रम कार्यान्वयनका लागि मिति : २०८०/०६/२२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार कार्यक्रममा समावेश हुन इच्छुक संघ संस्थाले यस जानकी गाउँपालिका मानपुर बाँके द्वारा मिति : २०८०/०६/२२ गते र पुनः दोस्रो पटक मिति : २०८०/०७/१४ गते प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिएकोमा **खुल्ला चौपाया संरक्षण तथा व्यवस्थापन संस्था** जानकी – ४,खजुराखुर्द बाँके र **खजुरा खुर्द कृषि सहकारी संस्था लि.** जानकी -४,खजुरा खुर्द बाँके द्वारा प्रस्तावना पेश भएको हुँदा उक्त क्षेत्रमा निरन्तर काम गर्दै आएकोले **खुल्ला चौपाया संरक्षण तथा व्यवस्थापन संस्था जानकी – ४,बाँकेको** प्रस्ताव स्वीकृत गर्ने र नियमानुसार सम्झौता गरी प्रक्रिया अगाडि बढाउने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.६ को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

तपशिल :

- जानकी गाउँपालिका अन्तर्गत वाँतावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८०/०६/२२ गते बसेको बैठकमा देहाय बमोजिमका विपद पर्न गई निवेदन आएकोले सो व्यक्तिहरुलाई तपसिल बमोजिमको राहत सहयोग विपद कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | नाम थर | ठेगाना | विपदको प्रकार | सहयोग |
|---|---|---|---|---|
| १ | सुरेन्द्र लाल कुर्मी | जानकी २ | अबिरल वर्षा | रु.५०००/- |
| २ | भागीरथ पासी | जानकी ३ | आगलागी | रु.८०००/- |
| ३ | सितल प्रसाद कुर्मी | जानकी ३ | आगलागी | रु.८०००/- |
| ४ | मयाराम अहिर | जानकी ३ | आगलागी | रु.८०००/- |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बीनी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| ५ | फुलराम राढ | जानकी ५ | आगलागी | रु.८०००/- |
| ६ | बरकत अलि साई | जानकी ६ | अबिरल वर्षा | रु.८०००/- |
| ७ | गीता कुर्मिनी | जानकी १ | अबिरल वर्षा | रु.८०००/- |
| ८ | कुन्नी अहिर | जानकी ६ | अबिरल वर्षा | रु.८०००/- |
| ९ | सोहन लोनिया | जानकी ५ | अबिरल वर्षा | रु.८०००/- |
| १० | सुकुरु साई | जानकी १ | अबिरल वर्षा | रु.५०००/- |
| ११ | कोईली चमार | जानकी ६ | अबिरल वर्षा | रु.१०,०००/- |
| १२ | ईमारत अली साई | जानकी ५ | हावाहुरी र वर्षा | रु.१०,०००/- |
| १३ | दुखान कोरी | जानकी २ | धानमा आगलागी | रु.१०,०००/- |
| १४ | सयाना साई | जानकी १ | अबिरल वर्षा | रु.५०००/- |
| १५ | सुबास धोबी | जानकी ३ | आगलागी | रु.१०,०००/- |

- वन तथा वातावरण मन्त्रालय र UNDP को फोहोर मैला व्यवस्थापन कार्यक्रम अन्तर्गत जानकी गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापनको लागि सम्बन्धित निकायहरु सँग कार्यक्रम संचालनको लागि कुल लागतको २५ प्रतिशत लागत साझेदारीको प्रतिवद्दता लाई सर्वसम्मत निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ साई गाउँ र वडा नं. ३ इन्द्रपुरको वडा कार्यालयको प्रशासनिक भवन जीर्ण भई कार्य सुचारु गर्न गाह्रो भएको हुँदा उक्त वडाहरुको डी.पि.आर तयार गरी भवन निर्माणको लागि डी.पि.आर सहितको प्रस्ताव सम्बन्धित निकायहरुमा पेश गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।